# ङादी ग्रुप पावर लि.

केन्द्रिय कार्यालय, अनामनगर, काठमाडौं,
फोन नं. ०१-५७७०५१५९, ५७७०५६०८

# नवौं वार्षिक साधारणसभा सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७९/११/०२

**श्री शेयरधनी महानुभावहरू,**

मिति २०७९/११/०१ मा सम्पन्न संचालक समितिको बैठकको निर्णय बमोजिम यस ङादी ग्रुप पावर लि.को नवौं वार्षिक साधारण सभा निम्न लिखित मिति, स्थान र समयमा निम्न प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## सभा हुने मिति, स्थान र समय

**स्थान :** युनियन हाउस, अनामनगर, काठमाण्डौं
**मिति :** २०७९/११/२५ विहिबार (तद्नुसार ९ मार्च, २०२३)
**समय :** विहान १०.०० वजे

## छलफलका लागि प्रस्तावित विषयहरू :

**(क) सामान्य प्रस्तावहरू:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु हुने आ.व.२०७८/०७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने।

(२) आ.व.२०७८/०७९ को लेखा परीक्षण प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तिय विवरणहरू छलफल गरि पारित गर्ने।

(३) आ.व. २०७९/८० को लेखा परिक्षण गर्न लेखा परिक्षकको नियूक्ति एवंम निजको पारिश्रमिक निर्धारण गर्ने।

(४) आ.व.२०७८/७९ मा संचालक समितिबाट भए गरेका निर्णयहरू अनुमोदन गर्ने।

(५) कम्पनीले गरेका लगानीहरू स्वीकृत गर्ने ।

(६) संचालकहरूको निर्वाचन गर्ने(संस्थापक शेयरधनीहरूबाट ४ जना तथा सर्वसाधारण शेयरधनीबाट २ जनाको प्रतिनिधित्व हुने)।

**(ख) विशेष प्रस्तावहरू:**

(१) संचालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता शेयरपुंजी रु.१,७६,७३,३१,०००/- ( एक अर्व छयहत्तर करोड त्रिहत्तर लाख एकतीस हजार) को ५ प्रतिशत लाभांश (४.७५ प्रतिशत बोनश शेयर तथा ०.२५ प्रतिशत नगद लाभांश (बोनश शेयरमा लाग्ने कर प्रयोजनका लागि) स्विकृत गर्ने।

(२) बोनस शेयर जारी पश्चात पूँजी बृद्धि गर्न प्रवन्ध पत्र, नियमावली संशोधन गर्ने।

(३) कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सम्बन्धि प्रस्ताव पारित गर्ने र प्रस्तावित संशोधन नियमनकारी निकायबाट कुनै फेर बदल वा सुझाव आएमा आवश्यक संशोधन समायोजन गर्न संचालक समितिलाई अख्तियारी दिने।

(ग) विविध।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## साधारणसभा सम्बन्धी थप जानकारीः

१. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०७९/११/१० गते बुधबारका दिन यस कम्पनीको शेयर दर्ता पुस्तिका बन्द रहने छ। साथै शेयरधनी दर्ता पुस्तिका बन्द भएको मिति भन्दा अघिल्लो कारोबार दिन सम्म नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको कारोवारबाट कायम भएका शेयरधनीहरूले मात्र कम्पनीको साधारण सभामा भाग लिन तथा बोनस शेयर प्राप्त गर्नेछन्।

२. वार्षिक साधारण सभामा भाग लिने शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपी अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ।

३. शेयरधनी महानुभावहरूको उपस्थितीका लागि शेयरधनी उपस्थिती पुस्तिका विहान ९.३० वजे देखि खुल्ला रहनेछ।

४. साधारण सभामा भाग लिन प्रतिनिधी (प्रोक्सी) नियूक्तगर्न चाहने शेयरधनीहरूले प्रचलित कम्पनी कानुनले तोकेको ढाँचामा प्रतिनिधीपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगाबै कम्पनीको केन्द्रिय कार्यालय, अनामनगर, काठमाण्डौमा दर्ता गराई सक्नु पर्नेछ। कम्पनीको शेयरधनी वाहेक अरुलाई प्रोक्सी दिन पाईने छैन।

५. एक जना शेयरधनीले एक भन्दा बढी प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा सबै प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ। तर प्रतिनिधी (प्रोक्सी) नियूक्त गरिसके पछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरबदल गर्न चाहेमा यस अघि दिएको प्रतिनिधीपत्र (प्रोक्सी) बदर गरी यो प्रतिनिधीपत्र (प्रोक्सी) लाई मान्यता दिइयोस् भन्ने व्यहोराको छुट्टै पत्र सहित प्रोक्सी फारम कम्पनीको केन्द्रिय कार्यालयमा सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै दर्ता गराएको अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी) स्वतः बदर भएको मानी पछिल्लो प्रतिनिधी (प्रोक्सी) लाई मान्यता दिइनेछ।

६. प्रनिनिधी नियूक्त गरि सकेको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा निजले दिएको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ।

७. साधारण सभा सम्वन्धी थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र कम्पनीको केन्द्रिय कार्यालय, अनामनगर, काठमाडौंमा सम्पर्क राख्नहुन समेत अनुरोध गरिन्छ।